मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, नेपाल

# मन्तव्य

नेपालको संविधान जारी भए पश्चात सङ्घीय शासन प्रणालीको मूल मर्मअनुरूप प्रादेशिक तहमा गरिएको शासकीय अभ्यासको अवधि करिब सात वर्ष पुरा भएको छ। यसै क्रममा प्रदेशमा राजनीतिक स्थितरता कायम गर्ने र समृद्ध प्रदेशको सोच सहित मेरो नेतृत्वमा संवत् २०८१ साउन ०९ गतेका दिन नेपाली कांग्रेस र नेकपा (एमाले) को सहभागितामा गठन भएको यस सरकारको १०० दिनको अवधि पुरा भएको छ। यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका विभिन्न आन्दोलनको क्रममा अमूल्य जीवन गुमाउनु हुने ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, विभिन्न कालखण्डमा मुलुकमा लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्नका लागि भएका आन्दोलनहरुलाई पथ प्रदर्शन गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु।

जनताको बलिदानीबाट प्राप्त सङ्घीय लोकतान्त्रिक शासन प्रणाली सुदृढ गर्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको सन्दर्भमा मेरो नेतृत्वमा बनेको बागमती प्रदेश सरकारले १०० दिनमा सम्पादन गरेका प्रमुख कार्यहरु सार्वजनिकीकरण गर्न पाउनु बागमती प्रदेश सरकारका लागि महत्त्वपूर्ण अवसर समेत हो। मेरो नेतृत्वमा गठन भएको बागमती प्रदेश सरकारले १०० दिनको अवधिमा निकै नै महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको छ।

यस अवधिमा प्रदेश सरकारलाई संस्थागतरूपमा सुदृढ बनाउनका लागि तीन वटा ऐन जारी भएको छ। "सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि" को दीर्घकालीन सोचसहित बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना (आ.व.२०८१/०८२-२०८५/०८६) कार्यान्वयनमा ल्याइएको छ। बागमती प्रदेश सरकारका मन्त्रालय तथा निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मुख्यमन्त्री र मन्त्रीहरुबिच कार्यसम्पादन करार गरी प्रगति समीक्षा कार्यको थालनी गरिएको छ। प्रदेश सरकारका मन्त्रालय, निकाय तथा कार्यालयहरुमार्फत सबै जिल्लाबाट सार्वजनिक सेवा प्रवाहको कार्यलाई निरन्तरता प्रदान गरिएको छ। साथै, सेवा प्रवाहमा नागरिकको सरल पहुँच स्थापित गर्न विषयगत कार्यालय स्थापनामा जोड दिइएको छ। यस अवधिमा महिला, दलित, आदिवासी जनजाती, अपाङ्ग लगायतको हकहितको प्रवर्धन तथा जीवनस्तर सुधारका क्षेत्रमा बागमती प्रदेश सरकारले महत्वपुर्ण कार्य गरेको छ। भौतिक पूर्वाधार विकासको कार्यलाई थप प्रभावकारी बनाइएको छ। त्यस्तै प्राकृतिक विपद्को समयमा क्षतिग्रस्त भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि द्रुत प्रतिकार्य टोलीको गठन गरिएको छ। बडादशैंको पुर्वसन्ध्यामा भएको विपद्को कारण क्षतिग्रस्त प्रदेश राजधानी हेटौंडादेखि उपत्यका जोड्ने मुख्य तीन प्रादेशिक सडक तथा विभिन्न जिल्लाका सडकहरुमा सवारी आवागमन सुचारु गरिएको छ। क्षतिग्रस्त सडक, सिंचाइ, खानेपानी लगायतका भौतिक संरचनाको पुनःनिर्माण कार्य भइरहेको छ। प्रदेश सुशासन केन्द्रमार्फत प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकाससम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गरिएको छ। सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका छन्। प्रदेशभित्रका स्थानीय तहको क्षमता विकासका लागि बागमती प्रदेश सरकारले गरेको वित्तीय हस्तान्तरण, क्षमता विकासका कार्यक्रम, वित्तीय लगानी र सहकार्यात्मक सहयोगले स्थानीय शासन सुदृढीकरणमा महत्वपुर्ण योगदान पुगेको छ। यस अवधिमा भएको नीतिगत, संस्थागत, प्रक्रियागत तथा व्यवहारिक सुधारका कार्यबाट सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, गुणस्तरीय, जनमैत्री र पारदर्शी बनाई सुशासन प्रवर्धनमा योगदान पुगेको छ।

अन्त्यमा, प्रदेश सरकारका सामु रहेका तमाम समस्या र चुनौतीहरूको बाबजुद मेरो नेतृत्वको सरकारको १०० दिनको अवधिमा शासकीय व्यवस्था, विकास निमार्ण तथा सार्वजनिक सेवाको प्रभावकारिता कायम गर्न सहयोग पुर्‍याउनुहुने प्रदेश प्रमुखज्यू, माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरु लगायत प्रदेश सरकारका कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरू तथा प्रदेशबासी सबैमा हार्दिक आभार व्यक्त गर्दछु।

२८ कार्तिक २०८१, बुधबार
नेपाल संवत् ११४५ कछलाथ्व, द्वादशी

बहादुर सिंह लामा तामाङ
मुख्यमन्त्री

माननीय बहादुर सिंह लामा तामाङज्यूको नेतृत्वमा बागमती प्रदेश सरकार गठन भएको सुरुवाती १०० (एक सय) दिन पूरा भएको छ। यस अवधिमा प्रदेश सरकारले शासकीय सुव्यवस्था कायम गर्न, सार्वजनिक सेवालाई सरल, सहज एवम् नागरिकमैत्री बनाउन र आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकासमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। प्रदेश सरकारको यस अवधिको कार्यसम्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दै बागमती प्रदेश सरकारले सम्पादन गरेका प्रमुख कार्यहरू र मुख्य उपलब्धिहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| १. | **नीतिगत तथा कानूनी सुधार** | • यस अवधिमा बागमती प्रदेश सरकार मन्त्रीपरिषद्का ७ वटा बैठक बसी ३४ वटा निर्णयहरू भएका छन्।<br>• यस अवधिमा ३ वटा ऐन र ७ वटा सुचनाहरू जारी भएका छन्।<br><u>यस अवधिमा जारी भएका ऐन कानूनहरुः-</u><br>• विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१<br>• प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१<br>• प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८१<br>• "**सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि**" दीर्घकालीन सोचसहितको प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयन गरिएको छ। |
| २. | **संवैधानिक नियुक्ती तथा अन्य पदपुर्ती** | • प्रदेशको नीतिगत सुधार र योजना व्यवस्थापनका लागि प्रदेश नीति तथा योजना आयोगमा उपाध्यक्ष डा. गंगादत्त नेपाल, सदस्यद्वय डा. दिपेन्द्र श्रेष्ठ र गुणराज मुक्तानको नियुक्त भई आयोगको कार्य सञ्चालन भएको छ। यसका साथै प्रदेशमा आयोजना बैंक सञ्चालन, लगानी सम्मेलन, आयोजना वर्गीकरण लगायतका कार्य प्रभावकारी रूपमा अगाडी बढाउन मा. मुख्यमन्त्री र आयोगका उपाध्यक्षबिच कार्यसम्पादन करार गरिएको छ।<br>• लामो समयदेखि नेतृत्वविहिन रहेको प्रदेश लोक सेवा आयोगको अध्यक्ष पदमा महेश्वर श्रेष्ठलाई संवत् २०८१/०७/०४ मा नियुक्त गरिएको छ। प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनको निरन्तरतामार्फत प्रदेश तथा स्थानीय तहको मानव संशाधन व्यवस्थापनमा तीव्रता दिइएको छ।<br>• संवैधानिक तथा कानूनी विषयमा राय/सल्लाह दिन प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा शुकदेव काफ्लेलाई मुख्यन्यायधिवक्ताको पदमा मिति २०८१/०५/०२ मा नियुक्त गरिएको छ।<br>• मा. मुख्यमन्त्रीलाई राजनीतिक विषयमा सल्लाह तथा सुझाव दिन प्रदेश मन्त्रिपरिषद्को मिति २०८१/०४/१३ गतेको निर्णयअनुसार विनोद शाहलाई मा. मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारको पदमा नियुक्त गरिएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्रदेशमा स्थापना भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रभावकारी सञ्चालनका लागि डा. प्रदिप ज्ञवालीलाई उपकुलपतिको पदमा नियुक्ति गरिएको छ। साथै, रजिष्टार लगायतका अन्य पदहरूको समेत पदपुर्ती गरिएको छ।<br>• प्रदेशमा खेलकुद विकासका लागि गठन भएको प्रदेश खेलकुद विकास परिषद्को सदस्य सचिव पदमा दिपक लामालाई नियुक्ति गरिएको छ। |
| ३. | **सार्वजनिक प्रशासन व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन** | • आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि मा. मुख्यमन्त्रीले मा. मन्त्री र श्रीमान् प्रमुख सचिवसँग सूचकसहित कार्यसम्पादन करार गरिएको छ।<br>• प्रदेश सरकारअन्तर्गतका सबै मन्त्रालय/आयोग/निकाय र मातहतका केन्द्रीय कार्यालयहरुमा अनिवार्यरुपमा GIOMS (Government Integrated Office Management System) लागु गरिएको छ।<br>• प्रदेश मन्त्रिपरिषद्को बैठकलाई सूचना प्रविधिमा आधारित बनाउन ई-क्याविनेट प्रणालीलाई नमूना परीक्षणको रुपमा सुरुवात गरिएको छ।<br>**<u>कर्मचारी व्यवस्थापन र अभिलेखीकरण</u>**<br>• प्रदेश लोक सेवा आयोगको सिफारिसमा विभिन्न तह र सेवाका १७९ कर्मचारीको नियुक्ति भएको छ। साथै, स्वीकृत दरबन्दीअनुसार प्रदेश र स्थानीय सेवाको १२४ वटा पदको विज्ञापन प्रकाशन गरिएको छ।<br>• प्रदेश तथा स्थानीय तहहरूमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरू समेतको गरी जम्मा ५४ हजार ९ सय ४३ थान सम्पत्ति विवरणको अभिलेखबद्ध गरिएको छ। प्रदेश किताबखाना (निजामती) ले चालू आ.व. मा प्रदेश र स्थानीय तहका गरी कूल ९८ जना कर्मचारीको वैयक्तिक विवरण दर्ता र १५० कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक गरिएको छ।<br>• प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको प्रशासनिक क्षमता विकास र सुशासन प्रवर्धनका लागि प्रदेश सुशासन केन्द्रमार्फत २३९ जना जनशक्तिलाई तालिम प्रदान गरिएको छ। साथै, शिक्षकहरूको क्षमता विकासका लागि पेशागत विकासतर्फ २९७ जना र व्यावसायिक तथा सिपमूलकतर्फ ५७४ जनालाई तालिम प्रदान गरिएको छ।<br>• भौगोलिक विशिष्टता र कार्यसम्पादनमा बढोत्तरी तथा कर्मचारीको वृत्ति विकासलाई प्रभावकारी बनाउन प्रदेश सेवातर्फ सरुवा ४१ वटा, ९ अध्ययन बिदा स्वीकृति, ३० वैदेशिक तालिम मनोनयन, विभिन्न पद/तहहरुमा ९३ बढुवा सिफारिस र स्थानीयतर्फ १५८ वटा सरुवा भएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| ४. | **पूर्वाधार निर्माण** | • रुग्ण आयोजनाहरुको पहिचान, व्यवस्थापन तथा सहजीकरण गर्नको लागि १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी **"रुग्ण आयोजना पहिचान तथा सहजीकरण समिति"** गठन गरिएको छ। उक्त समितिबाट प्राप्त प्रतिवेदनको आधारमा योजनागत रूपमा सहजीकरण तथा समाधानको प्रयासहरू भएका छन्। फलस्वरूप पहिचान गरिएको जम्मा ५५ ओटा रुग्ण योजनाहरू मध्ये यस अवधिमा २ ओटा योजना सम्पन्न भएको, २५ ओटा योजनाहरूमा ठप्प रहेको निर्माण कार्य सुचारू भएको र बाँकी योजनाहरूको समेत समस्या सहजीकरणको प्रयास गरिएको छ।<br>• यस अवधिमा १३ कि.मि. सडक कालोपत्रे, ११ कि.मि. सडक ढलान, २२ कि.मि. ग्राभेल, २७ कि.मि. नयाँ ट्र्याक, ४ ओटा सडक पुल र १ ओटा झोलुङ्गे पुल, ३ ओटा सामुदायिक भवनको निर्माण कार्य सम्पन्न भएको छ। चालू आ.व. मा बजेट विनियोजन भएका आयोजनाहरूको लागत अनुमान तयारी, DPR तथा ठेक्काको प्रक्रिया अगाडी बढाइएको छ।<br>• प्रादेशिक सडकहरुमा प्राकृतिक विपद्को समयमा छिटो-छरितो तथा प्रभावकारी रुपमा क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको मर्मत सुधार कार्यको लागी आकस्मिक र तत्काल परिचालन गर्न सकिने गरी द्रुत प्रतिकार्य टोली (QRT) गठन गरिएको छ।<br>• संवत् २०८१ साल असोज ११ देखि १२ गते सम्मको अविरल वर्षाको कारणले सिर्जित बाढी, पहिरो तथा डुवानले प्रदेशअन्तर्गतका मुख्य-मुख्य सडक तथा सडक पुलहरू अत्याधिक क्षतिग्रस्त भई आवागमन ठप्प भएको अवस्थामा उपलब्ध सिमित जनशक्ति, श्रोत तथा साधनहरूको कुशलतम परिचालन गरी महत्वपूर्ण सडक सञ्जालहरूको तत्काल मर्मत/सुधार, डाईभर्सन निर्माण तथा बैकल्पिक सडकहरुको पुनःस्थापन जस्ता कार्यहरू मार्फत प्रदेश राजधानी हेटौंडा देखि काठमाडौं जोड्ने ३ ओटा मुख्य प्रादेशिक सडकहरु, अति क्षतिग्रस्त जिल्ला (सिन्धुली, काभ्रे, रामेछाप र सिन्धुपाल्चोक) लगायत अन्य जिल्लाहरूको समेत आवागमनलाई छोटो समयमा नै रुपमा सुचारू गरिएको छ।<br>• "प्रदेश सरकारको प्रशासनिक भवन" निर्माण योजनाको जग्गा प्राप्ति गर्ने प्रक्रियाअन्तर्गत उक्त आयोजना लाई "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना" निर्धारण गर्न राष्ट्रिय योजना आयोग, काठमाडौं लाई अनुरोध लेखि पठाईएको छ ।<br>• प्रदेश सरकारअन्तर्गत भवन निर्माणको क्षेत्रलाई सुरक्षित, व्यवस्थित र वातावरणमैत्री बनाउन "प्रदेश सरकारको भवन नीति, २०८१" तयार गरी सहमतिको प्रक्रिया अगाडी बढाईएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • प्रदेशअन्तर्गतका सहरहरूको दिगो, उत्थानशील, पर्यावरणमैत्री, सन्तुलित तथा योजनाबद्धसंगै व्यवस्थित सहरी विकासको लागी "प्रादेशिक सहरी नीति, २०८१" र प्रदेश सरकारबाट स्वीकृत भएको "प्रादेशिक सडकहरु" को व्यवस्थित तथा प्रभावकारी विकास गर्न "प्रादेशिक सडक मापदण्ड (Province Road Standard), २०८१" को मस्यौदा तयार भएको छ।<br>• रूवीभ्याली लगायत मानव विकास सूचकाङ्क (HDI) मा पछाडि परेका स्थानीय तहहरूको एकीकृत पूर्वाधार विकास कार्यक्रमलाई व्यवस्थित गर्न "कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" तयार गरी सहमतिको लागी पेश भएको छ।<br>• विभिन्न लक्षित वर्गको आवास निर्माण कार्यक्रमहरू मार्फत यस अवधिमा जनता आवास कार्यक्रमतर्फ थप १२, चेपाङ, बनकरिया, माझी, बोटे एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत थप २६० र खरको छानो उन्मूलन कार्यक्रमअन्तर्गत थप २४७ वटा आवास निर्माणको कार्य सम्पन्न भएको छ।<br>• सडक तथा सडक पुलहरूको वार्षिक मर्मत सम्भार योजना तथा पटके मर्मत योजनामार्फत ८३ कि.मि. सडक मर्मत तथा १५ ओटा सडक पुल/कल्भर्टसम्बन्धी मर्मतको कार्य सम्पन्न भएको छ।<br>• प्रदेशअन्तर्गतका विभिन्न मन्त्रालय तथा अन्तर्गतका सरकारी निकायहरूको सरकारी भवन तथा आवास मर्मत/सुधार कार्यक्रमअन्तर्गत ३१ वटा भवन मर्मतको कार्य सम्पन्न भएको छ।<br>• प्रदेशअन्तर्गत उदयमान सहरहरू र स्थानीय तहका केन्द्रहरूलाई मौलिक पहिचानसहितको व्यवस्थित सहर निर्माण गर्न विभिन्न पालिका केन्द्र तथा बजार केन्द्रहरूको पूर्व- सम्भाव्यता अध्ययन, प्रादेशिक सरकारी भवनहरूको अवस्था विश्लेषण तथा तथ्याङ्क सङ्कलन गर्न प्रदेशस्तरीय सरकारी भवन व्यवस्थापन सूचना प्रणाली (BMIS) तयार गर्ने, प्रादेशिक राजधानी हेटौंडाको बृहत् तथा व्यवस्थित विकास गर्न "बृहत् हेटौंडा सहर गुरुयोजना" र "जग्गा विकास कार्यक्रम" जस्ता नवीन योजनाहरूको लागी पूर्व- सम्भाव्यता अध्ययन गर्न परामर्शदाता छनौटको प्रक्रिया अगाडि बढेको छ।<br>• प्रदेश सरकारबाट स्वीकृत भएको "प्रदेश सडक यातायात गुरुयोजना" अन्तर्गत रहेको सडकहरुको अवस्थाको विवरण अद्यावधिक गरी व्यवस्थित विकास गर्न योजना तयार गर्ने उद्देश्यले "प्रादेशिक सडकहरुको सडक अद्यावधिक अध्ययन गर्न" परामर्शदाता छनौट गर्ने कार्यको गृहकार्य सुरू भएको छ। |
| ५. | | • यस अवधिमा सामाजिक विकासअन्तर्गत सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्वीकृत भएका कार्यविधीहरू:- |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | सामाजिक विकास | → सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१<br>→ अनिवार्य तथा निःशूल्क शिक्षा घोषणा अनुदानसम्बन्धी कार्यविधि, २०८१<br>→ प्रारम्भिक बाल शिक्षा स्तरोन्तीसम्बन्धी कार्यविधि, २०८१<br>→ सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यान्वयन कार्यविधि, २०८१<br>→ राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८१<br>→ वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि, २०८१<br>→ नमूना शिक्षण संस्था छनौट कार्यविधि, २०८१<br>→ मनोसामाजिक परामर्श तालिम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१<br>→ अटिजम सेन्टरमा थेरापिष्ट स्वयसेवक अनुदानसम्बन्धी मापदण्ड, २०८१<br>→ विपद् व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८१<br>→ शिक्षण संस्था सुधार योजना कार्यान्वयन तथा आइ.सि.टी. सामग्री व्यवस्थापन मापदण्ड, २०८१<br><u>स्वीकृतीको चरणमा रहेका नीति र कार्यविधिहरुः-</u><br>→ प्रारम्भिक बाल विकास रणनीति, २०८१<br>→ लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०८१<br>→ विस्तारित शिक्षा तालिम एकाईको व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१<br>→ अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१<br>→ विद्यार्थी केन्द्रीत व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम अनुदानसम्बन्धी कार्यविधि, २०८१<br>→ पुस्तकालय सुदृढीकरणसम्बन्धी कार्यविधि, २०८१<br>→ प्रदेश अपाङ्गतासम्बन्धी नीति, २०८१<br>→ प्रदेश महिला हकसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्ने सैद्धान्तिक अवधारणा<br>→ गरिब परिवार पहिचान भएका घर परिवारको आयआर्जन कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१<br>• बागमती प्रदेश विश्वविद्यालयको कार्य प्रारम्भ भएको छ। विश्वविद्यालयको उपाध्यक्ष नियुक्ति र विश्वविद्यालयको अस्थायी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरिएको छ। बागमती प्रदेश विश्वविद्यालयको वर्तमान अवस्था र भावि कार्यदिशा विषयक छलफल कार्यक्रम मा· मुख्यमन्त्रीको अध्यक्षता र पूर्व |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | मुख्यमन्त्रीहरुको विशेष उपस्थितिमा आयोजना गरी हालसम्मको अवस्थाको जानकारी गराउदैं आगामी कार्यदिशा तय गरिएको छ।<br>• प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम तालिम परिषद्को कार्यालय स्थापना र सञ्चालन भएको छ।प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रदेश प्रोफाइल विकास कार्य सुरु गरिएको छ।<br>• ४७० जनाको पूर्व मान्यतामा आधारित सिप परीक्षणका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को बागमती प्रदेश कार्यालयसँग सम्झौता सम्पन्न भएको छ।<br>• १९ शिक्षालय/विद्यालय छनौट र ४० जना पदाधिकारीहरुलाई अभिमुखीकरण प्रदान र ६०० जनालाई २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिमका लागि भर्ना गरिएको छ।इन्सयोर परियोजना सञ्चालनमा रहेका स्थानीय तहहरुको सहभागितामा समीक्षा तथा अभिमुखीकरण गर्ने कार्य सम्पन्न भएको छ।<br>• आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन र स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको मार्गदर्शन गरिएको छ।<br>• पुनःस्थापना केन्द्रहरूमा स्वयंसेवक थेरापिष्टको लागि अनुदान कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड, २०८१ तयार गरी चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गतको बौद्धिक अपाङ्गता भएका व्यक्ति अटिजम र मस्कुलर डिष्ट्रोफी लगायतका समस्याबाट पीडित अपाङ्गता भएका बालबालिकाहरूलाई पुनःस्थापना सेवा प्रदान गर्ने केन्द्रहरूमा स्वयंसेवक थेरापिष्टको लागि अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया अगाडी बढाइएको छ।<br>• मनोसामाजिक मनोविमर्शकर्ता तालिम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी गत आर्थिक वर्षबाट सञ्चालित मनोसामाजिक मनोविमर्शकर्ता तालिम (६ महिने) लाई निरन्तरता दिइएको छ।चालू आर्थिक वर्षको कार्यक्रम सञ्चालनका लागि आवेदन सङ्कलन भइरहेको छ।साथै, तालिम प्रदायक निकायबाट कार्ययोजना माग गरिएको छ।<br>• मानव बेचविखन विरुद्धको दिवस, राष्ट्रिय बाल दिवस, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक जस्ता दिवसीय कार्यक्रमहरू भव्यताका साथ सम्पन्न गरिएको छ।<br>• स्वीकृत वार्षिक बजेटअन्तर्गत सामाजिक सङ्घसंस्थामार्फत सञ्चालन गरिने कार्यक्रमका लागि प्रस्ताव आह्वान भई कार्यक्रम सम्झौताको प्रक्रियामा रहेको छ।<br>• शिक्षा तालिम केन्द्र र विस्तारित तालिम केन्द्रहरुलाई प्रविधिमैत्री बनाइएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्रदेश अन्तर्गतका ११९ वटै स्थानीय तहका शिक्षा अधिकृत, शिक्षा विकास तथा समन्वय एकाईका प्रमुख, प्राविधिक सहायकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको छ।<br>• ENSSURE परियोजनाअन्तर्गत ५० जना शिक्षकको लागि वृत्ति मार्ग निर्देशनसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।<br>• USAID Early Grade Learning को सहयोगमा सिन्धुली जिल्लाका सबै स्थानीय तह र मकवानपुर जिल्लाका ५ वटा स्थानीय तहबाट २/२ जनाको दरले २८ जनाको लागि एकीकृत पाठ्यक्रमसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।<br>• अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा प्रदेशस्तरीय माध्यमिक तह निबन्ध प्रतियोगिता आयोजना र राष्ट्रिय शिक्षा दिवसको अवसरमा एस.इ.इ. परीक्षामा उत्कृष्ट औषत जि.पि.ए. प्राप्त गर्ने सामुदायिक र संस्थागत विद्यालयलाई प्रोत्साहन एवम् प्रशंसा पत्र प्रदान गरिएको छ।<br>• संविधान तथा राष्ट्रिय दिवसको अवसरमा मकवानपुर जिल्लाका क्याम्पसस्तरीय निबन्ध प्रतियोगिता आयोजना गरी पुरस्कार वितरण र प्रदेश भित्रका सामुदायिक विद्यालयबाट २०८० सालको एस.इ.इ. नतिजामा ४ जि.पि.ए. प्राप्त गर्ने १७ विद्यार्थीहरुलाई नगद रु. १० हजार सहित सम्मान गरिएको छ।<br>• विद्यालय बस सञ्चालन गर्न छनौट भएका २७ विद्यालयहरुसँग सम्झौता भएको छ।<br>• २०८० सालको एस.इ.इ. पुरक परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको छ।<br>• प्रदेश भित्र सञ्चालन भएका १९ नमूना विद्यालयहरुलाइ कार्यक्रम कार्यान्वयन गर्न सम्झौता गरिएको छ।<br>• स्वीकृत वार्षिक कार्यक्रमबमोजिम सामाजिक क्षेत्रका विभिन्न सङ्घ संस्थाहरुसँग प्रस्ताव माग गरी सम्झौता गर्ने कार्य सम्पन्न गरिएको छ।<br>• ६ महिने कम्प्युटर सफ्टवेयर र जनरल मेकानिक्स, केश श्रृङ्गार, विद्युत जडान, मोइवाल मर्मत, कम्प्युटर, फोटो तथा भिडियोग्राफी सौन्दर्य, सिलाई कटाइ, प्लम्बिङ र इलेक्ट्रोनिक्स मर्मत तालिम सञ्चालन भइरहेको छ। |
| ५. | स्वास्थ्य सेवा | नीतिगत उपलब्धिहरू<br>• आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरुबाट सञ्चालन गरिने क्रियाकलापका लागि वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१ स्वीकृत गरी कार्यान्वयन अगाडी बढाइएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८१ प्रदेश सभाबाट पारित भएर मिति २०८१/०७/०१ मा प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएको छ।<br>• प्रदेश स्वास्थ्य सेवा नियमावली, २०८१ र स्वास्थ्य संस्था व्यवस्थापन समिति नियमावली, २०८१ को मस्यौदा तयार गरिएको छ।<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७५ संशोधनका लागि प्रदेश सभामा पेश गरिएको छ।<br>• प्रदेशमा स्वास्थ्य संस्था स्थापना, नवीकरण तथा स्तरोन्नतिसम्बन्धी मापदण्ड, २०८१ को मस्यौदा तयार गरिएको छ।<br>**संस्थागत उपलब्धिहरू**<br>• मन्त्रालय र मातहतका सबै निकायहरुबिचको आ.व. २०८१/०८२ को लागि कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको छ।<br>• प्रदेश, जिल्ला र ४२ वटा स्थानीय तहमा विपद् द्रुत प्रतिकार्य समूह गठन गरिएको छ र स्थानीय तहका विपद् द्रुत प्रतिकार्य समूहलाई अभिमुखीकरण समेत गरिएको छ।<br>**कार्यक्रमगत उपलब्धिहरूः**<br>• प्रदेशका विभिन्न अस्पताल तथा स्थानीय तहमा प्रशामक सेवा (Palliative Care) को विकास र विस्तार गर्नको लागि संवत् २०८१ कार्तिक २ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सम्झौता गरी कार्यान्वयनमा ल्याइएको **छ।**<br>• निःशूल्क ब्लड ब्याग कार्यक्रमको समीक्षा गरी नेपाल रेडक्रस सोसाइटी तथा सूचीकृत अस्पतालहरुसँग सम्झौता गरी कार्यान्वयन गरिएको छ।<br>• प्रदेश सरकारले प्रतिबद्धता गरेको क्यान्सर रोगको उपचार सहुलियतका लागि प्रदेशभित्र रहेका विभिन्न १८ वटा अस्पतालहरू र हृदयघात रोगको उपचार सहुलियतको लागि भरतपुर अस्पताल, चितवन, मनमोहन कार्डियो थोरासिक भास्कुलर एण्ड ट्रान्स्प्लान्ट सेन्टर, काठमाडौं र शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, काठमाडौंसँग संवत् २०८१ साल भदौ २ गते सम्झौता सम्पन्न गरी कार्यान्वयन भइरहेको छ।<br>• मिति २०८१ साल असोज ११ देखि १२ गतेको अविरल वर्षा, बाढी तथा पहिरोको कारण हुन गएको धनजनको क्षति न्यूनीकरणका लागि उद्धार, राहत, उपचार, पुनःर्स्थापनाको कार्य प्रभावकारी रुपमा गरिएको छ। बाढी पहिरोका कारण घाइते भएका ११५ जनालाई प्रदेशभित्रका विभिन्न अस्पतालहरूमा निःशूल्क उपचार गरिएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको नक्साङ्कन गरिएको छ। बाढी पहिरोको कारण घाइते भएका १ जनालाई ललितपुर जिल्लाको बागमती गाउँपालिकाअन्तर्गत थाङ्सिङटार अस्पतालबाट हवाई उद्धार गरी पाटन अस्पतालमा उपचार गराइएको छ। काभ्रे जिल्लाको पनौती नगरपालिका वडा नं. १२, कलाँती भूमिडाँडामा MEDICAL TENT राखी अस्थायी स्वास्थ्य संस्थामार्फत स्वास्थ्य सेवा सुचारु गरिएको छ।<br>• "गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशूल्क हवाई उद्धार सेवासम्बन्धि कार्यविधि, २०८०" अनुसार बाढी तथा पहिरो प्रभावित स्थानीय तहबाट २ जना गर्भवती महिलाहरूको हवाई उद्दार गरिएको छ।<br>• प्रदेशका विभिन्न जिल्लाहरुमा फैलिएको डेङ्गु रोगको प्रकोपलाई न्यूनीकरण गर्न स्थानीय तहको समन्वय र सहकार्यमा "खोज र नष्ट गर" अभियान सञ्चालन गरिएको छ। सङ्कास्पद लक्षण देखिएका बिरामीहरुको निःशूल्क परीक्षण र उपचारको व्यवस्था मिलाइएको छ।साथै, हरेक शुक्रबार सबै सरकारी कार्यालयहरुमा १० मिनेट सरसफाई अभियान सञ्चालन गरिएको छ।<br>• संवत् २०८१ साल श्रावण १ गते देखि कार्तिक ८ गते सम्म ९७९७ जना डेङ्गु सङ्क्रमितहरुको पहिचान र उपचार कार्य गरिएको छ।<br>• स्तन क्यान्सरको निदानको लागि धादिङ अस्पतालमा संवत् २०८१ साल भदौ ११ गतेदेखि मेमोग्राम जडान गरी सेवा सुचारु गरिएको छ।<br>• संवत् २०८१ साल श्रावण ११ गतेदेखि त्रिशुली अस्पताल, नुवाकोटमा सी.टी. स्क्यान सेवा शुभारम्भ गरिएको छ।<br>• प्रदेश सरकारको आयुर्वेद औषधि उत्पादन केन्द्रबाट अश्वगन्धा चूर्ण, सितोपलादि चूर्ण, आमलकि चूर्ण, अविपत्तिकर चूर्ण, त्रिफला चूर्ण, निम्वादि चूर्ण, विल्वादि चूर्ण गरी ७ प्रकारका औषधिहरुको उत्पादन सुरु गरिएको छ।<br>• विभिन्न कारणले खुट्टा गुमाई अपाङ्गता भएका ७ जना व्यक्तिहरुलाई कृत्रिम खुट्टा र ह्विल चियर वितरण गरिएको छ।<br>• समुदायस्तरमा आँखासम्बन्धी समस्याको पहिचान, उपचार र आवश्यकताअनुसार शल्यचिकित्सा समेत गर्ने गरी तिलगंगा आँखा अस्पतालसँग समन्वय गरिएको छ।<br>• प्रदेशअन्तर्गतका ३२९ वटा सामुदायिक माध्यमिक विद्यालयमा "एक विद्यालय, एक नर्स कार्यक्रम" विस्तार भएको छ।<br>• संविधान दिवस, २०८१ को उपलक्ष्यमा मकवानपुर जिल्लाको बागमती गाउँपालिकाको वडा नं. १ मा गरिएको निःशूल्क स्वास्थ्य शिविरमा २२७ जना |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | व्यक्तिहरुलाई र चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं. २४ को ध्रुवमा २५३ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।<br>• सूर्यविनायक नगर अस्पताल, भक्तपुरलाई आकस्मिक कक्ष, आइ.सि.यू., एन.आई.सि.यू., प्रसूति सेवालगायतका विभिन्न स्वास्थ्य सेवाका लागि अत्यावश्यक प्राविधिक सामग्री र औषधि प्रदान गरिएको छ।<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा संवत् २०८१ साल भदौ १६ गतेदेखि शनिबार बाहेक हरेक दिन साँझ ४ बजेदेखि ६ बजे सम्म विशेषज्ञसहितको विस्तारित स्वास्थ्य सेवा सुचारु गरिएको छ।<br>• मेथिनकोट अस्पतालमा शल्यक्रियासहितको प्रसूति सेवा सुरुवात गरिएको छ।<br>• संवत् २०८१ साल श्रावण २४ गते प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापनका लागि सुविधा सम्पन्न भण्डारण कक्षको सञ्चालन गरिएको छ।<br>• पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा विशेषज्ञ आवासीय चिकित्सक परिचालन गरी धादिङ र सिन्धुली अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार र प्रवाह गरिएको छ। |
| ६. | **वित्तीय सङ्घीयता** | • वित्तीय हस्तान्तरणअन्तर्गत पहिलो किस्तावापत असोज मसान्तसम्म वित्तीय समानीकरण अनुदान रु.३९ करोड ४५ लाख, समपूरक अनुदान रु.२४ करोड ८० लाख, विशेष अनुदान रु.१६ करोड ३७ लाख र सशर्त अनुदान रु. ४१ करोड १८ लाख निकासा गरिएको छ।<br>• १३ जिल्लाका मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहहरुलाई क्रमशः छनौट गरी प्रति पालिका पछाडि परेका एक वडालाई विकासको मूलप्रवाहमा ल्याउने गरी नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०(पहिलो संशोधनसमेत) बमोजिम सम्बन्धित स्थानीय तहको १० प्रतिशत लागत साझेदारीसहित प्रति पालिका रु.१ करोड बराबरको अनुदान निकासा गरिएको छ। नमूना वडा समाजवादी कार्यक्रम सञ्चालन भएका १३ वटा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित वडाको वडा अध्यक्षहरुलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। |
| ७. | **सार्वजनिक खर्च व्यवस्थापन** | • चालू आर्थिक वर्षको असोज मसान्तसम्म प्रदेशको खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वृद्धि भई यस अवधिको कुल खर्च ४ अर्ब ४४ करोड रहेको छ। जुन कुल विनियोजनको ६.८८ प्रतिशत कायम हुन आएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | • कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.६९ प्रतिशतले वृद्धि भई ६ अर्ब ८६ करोड पुगेको छ। जुन आ.व. २०८१/८२ को कुल अनुमानको १०.६३ प्रतिशत कायम हुन आएको छ।<br>• संवत् २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षाको कारणले सिर्जित बाढी पहिरोजन्य विपद्बाट भएको ठूलो जनधनको क्षतिलाई सम्बोधन गर्न प्रदेश सरकार, मन्त्रिपरिषद्को संवत् २०८१/०६/१८ को बैठकबाट भएको निर्णयबमोजिम प्रदेश भित्रका ४५ वटा स्थानीय तहको विपद् व्यवस्थापन कोषमा रु. ५ करोड ८० लाख र विपद् सहयोग प्रयोजनका लागि प्रदेश विपद् व्यवस्थापन कोषमा रु. १० करोड थप बजेट निकासा गरिएको छ।<br>• राजस्व बाँडफाँड र अन्तर सरकारी वित्तीय हस्तान्तरणसम्बन्धमा चितवन, धादिङ, सिन्धुली, रामेछाप र दोलखा गरी ५ जिल्लाका स्थानीय तहहरुसँग सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यहरु, जिल्ला समन्वय समितिका पदाधिकारीहरु समेतको उपस्थितिमा आ.व. २०८१/०८२ को वित्तीय हस्तान्तरणमार्फत हुने कार्यक्रम कार्यान्वयन र राजस्व बाँडफाँड सहजीकरण तथा राजस्वको दायरा विस्तारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।<br>• सवारी साधन खरिदसम्बन्धी मापदण्ड, २०८१(पहिलो संशोधन) र प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०८१ (पहिलो संशोधन) स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा पठाइएको छ।<br>• काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ र चितवनमा प्रदेश लेखा एकाई कार्यालय स्थापना भई कार्य सञ्चालन भइरहेको छ। |
| ८. | **कृषि विकास** | • कृषि विकासका लागि १० वटा नयाँ कार्यविधि स्वीकृत भएको तथा ५ वटा कार्यविधिमा राय/सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय पठाइएको छ।<br>• स्थानीय तहसँगको सहकार्यमा समुदायमा आधारित खेती प्रणालीमार्फत कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण गर्न समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमअन्तर्गत ५ वर्षसम्म सञ्चालन हुने गरी गत आ.व. मा छनोट गरिएका ५० वटा वडाहरुमा छलफल तथा अन्तरक्रिया गरी कार्यक्रम सुरु हुने क्रममा रहेको छ। साथै, यस वर्षको लागि २५ वटा वडा छान्न प्रारम्भिक छनोट कार्य सकिएको छ।<br>• गाई भैंसीमा लाग्ने सङ्क्रामक रोग लम्पि स्किन डिजिज विरुद्ध संवत् २०८१ श्रावण २५ देखि ३१ गतेसम्म प्रदेशभर सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | ७१,९७७ गाईभैंसीलाई खोप लगाइएको छ। त्यसैगरी, खोरेत लगायत अन्य रोगहरुको खोप पनि अभियानकै रुपमा लगाइएको छ।<br>• हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य सम्पन्न हुने अवस्थामा छ।<br>• गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण कार्य ९२ प्रतिशत सम्पन्न भएको छ।<br>• प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधीन शीत भण्डारहरूको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएकोमा दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलीको मुलकोट र रामेछापको मन्थलीमा शीत भण्डार परीक्षण गर्ने कार्य सम्पन्न भएको छ। रसुवा जिल्लामा निर्माण भएको शीत भण्डार पूर्णरुपमा सञ्चालनमा आएको छ। यी सबै शीतभण्डारमा करिब १५,८०० मेट्रिक टन भण्डारणको क्षमता रहेको छ।<br>• कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट क्षति पुगेका ७५ जना किसानलाई रु. १ करोड १६ लाख ९३ हजार ४ सय ४३ बराबरको राहत रकम उपलब्ध गराइएको छ।<br>• प्राङ्गारिक मल उत्पादन कार्यलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाई प्राङ्गारिक मलको नियमित प्रयोग गर्दै माटो व्यवस्थापन र दिगो कृषि उत्पादन कायम गर्न एक प्रदेश निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम प्रारम्भ भएको छ।<br>• पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा निर्माणाधीन "एक वडा, एक पशु स्वास्थ्य क्लिनिक" मध्ये काभ्रेपलाञ्चोकमा ५, मकवानपुर, दोलखा र सिन्धुपाल्चोकमा ३/३, सिन्धुली र रामेछापमा २/२ गरी १८ वटा भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको छ।<br>• दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिँदै आ.व. २०८१/०८२ मा रु. २० करोड बजेट स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी पठाइएको छ।<br>• दुग्धजन्य पदार्थ निर्यातको लागि प्रोत्साहन गर्न चालू आ.व. बाट दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रमको सुरुवात गरिएको छ।<br>• प्रदेशमा रासायनिक मलको मागबमोजिम उपलब्ध गराउनको लागि सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| ९. | वन तथा वातावरण | • यस अवधिमा वन क्षेत्रबाट कुल रु. ४ करोड ६७ लाख ९ हजार राजश्व आम्दानी भएको छ।<br>• कुल ३ लाख ६६ हजार मे. टन काठ उत्पादन भएको छ।<br>• वन कार्यालयको सेवा सहजीकरणका लागि १३ वटा नयाँ सुविधा सम्पन्न भवनबाट सव डिभिजन वन कार्यालयको सेवा सञ्चालन गरिएको छ।<br>• स्थानीय तहसँगको समन्वय एवं सहकार्यमा नदी खोलामा मिचाहा प्रजाति विस्थापन, सरसफाई तथा हरियाली कार्यक्रम (मनमती, भद्रमती, बल्खु, कर्रा, राप्ती आदि) को प्रारम्भिक कार्य सञ्चालन भईरहेको छ।<br>• डिभिजन वन कार्यालयमार्फत १३ वटै जिल्लामा "सम्बन्धित संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदुषणमुक्त गर्न सरसफाई अभियान सञ्चालन कार्यक्रम स्थानीय तह र सरोकारवालहरुको समन्वयमा व्यापक जनसहभागिता जुटाई सरसफाई तथा स्वच्छता अभियान कार्य निरन्तर रुपमा सञ्चालन भईरहेको छ।<br>• दिव्य बाल उद्यान हेटौंडा-९ मकवानपुरमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ को अवसरमा वृक्षारोपण कार्य सम्पन्न भएको छ।<br>• राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, वातावरण संरक्षण तथा सहरी वन कार्यक्रम र भू तथा जलाधार संरक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयन भईरहेको छ।<br>• वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कार्य सञ्चालन गरी वातावरण संरक्षण ऐनको कानूनी प्रावधान उल्लङ्घन गरेकोमा २ वटा फर्मलाई कारवाही गरी रु.१० लाख ६ हजार जरिवाना गरिएको छ। |
| १०. | आन्तरिक मामिला, शान्ति सुरक्षा, सञ्चार तथा विपद् व्यवस्थापन | • प्रदेश चलचित्रसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१ तर्जुमा गरिएको छ। प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, मौलिक चलचित्र निर्माण तथा प्रबर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ र स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८१ तयार भएको छ।<br>• स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८१ बमोजिम स्थानीय तहमा कार्यरत न्यायिक सहजकर्ताहरुको करार थप गर्ने कार्य भएको छ। साथै, रिक्त रहेका स्थानीय तहमा नियुक्ति समेत गरिएको छ।<br>• प्रदेश सरकारका विषयगत मन्त्रालयबाट तर्जुमा भएका देहायका विधेयक-४, मापदण्ड-२ को मस्यौदामा राय/सहमति प्रदान गरिएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | विधेयक<br>→ प्रदेश खेलकुद विकास (पहिलो संशोधन) विधेयक, २०८१<br>→ प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक<br>→ प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक<br>→ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक<br>**मापदण्ड**<br>→ प्रदेश सार्वजनिक खर्चको (पहिलो संशोधन) मापदण्ड, २०८१<br>→ सवारी साधन खरिद सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१<br>• प्रदेश महिलाको हकको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमती प्रदान गरिएको छ।<br>• संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ को अवसरमा प्रदेशस्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरी भव्यताका साथ मनाईएको छ।<br>• प्रदेश सभा सचिवालयको संसदीय दलको कार्यसञ्चालनमा सहजीकरण गर्न कुल ९ जना, प्रदेश सभाको बैठकलाई सरकारी कामकाजको तामाङ र नेपाल भाषामा अनुवाद गर्नका लागि १/१ अनुवादकको अस्थायी दरबन्दी स्वीकृत गरिएको छ।<br><u>विपद् व्यवस्थापनतर्फः</u><br>• विपद् खोज, उद्धारलाई थप प्रभावकारी बनाउन विपद् उद्धार सामाग्रीहरु प्रदेशस्तरीय सुरक्षा निकायहरुलाई वितरण गरिएको छ।<br>• प्रदेशमा विपद् जोखिम न्यूनीकरणका लागि जोखिम विश्लेषणमा Satellite प्रविधिको प्रयोगका सम्बन्धमा सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम गरिएको छ।<br>• संवत् २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण सिर्जित विपद्बाट भएको क्षतिको तथ्याङ्क सङ्कलन, खोज, उद्धार तथा राहत वितरण लगायतका विषयमा सम्बोधन गर्न प्रदेश विपद् व्यवस्थापन परिषद्को एक पटक, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको तीन पटक बैठक सञ्चालन भएको छ। प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको संवत् २०८१/०६/१४ को निर्णयअनुसार प्रदेश विपद् व्यवस्थापन कोष परिचालनसम्बन्धी कार्यविधि, २०८० बमोजिम राहत वितरण गर्ने प्रयोजनार्थ देहायका जिल्लाका विपद् व्यवस्थापन कोषमा कुल रु. २ करोड ३० लाख रकम दाखिला गरिएको छ।<br>→ काभ्रेपलाञ्चोक जिल्लालाई रु. ६० लाख,<br>→ ललितपूर जिल्लालाई रु. ३० लाख,<br>→ काठमाडौं र सिन्धुपाल्चोक जिल्लालाई रु. २०/२० लाख र |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | → दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, भक्तपुर जिल्लालाई रु. १०/१० लाख<br>• प्रदेशका १३ वटा जिल्ला विपद् व्यवस्थापन कोषमा खोज, उद्धार र प्रतिकार्यसँग सम्बन्धी अत्यावश्यक कार्य गर्न रु. ५/५ लाखका दरले कुल रु. ६५ लाख रकम प्रदान गरिएको छ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विषयगत मन्त्रालयहरुको कार्यजिम्मेवारी बाँडफाँड गरी क्रियाशील बनाईएको छ।<br>• विपद्बाट भएको क्षतिको तथ्याङ्क सङ्कलन लगायतका विषयमा नेपाल सरकार, स्थानीय तहहरु, सुरक्षा निकायहरु लगायतका अन्य सम्बद्ध सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरिएको छ।<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रमार्फत तथ्याङ्क सङ्कलन भईरहेको छ।<br>• प्रदेश विपद् व्यवस्थापन परिषद्को संवत् २०८१/०६/१८ गतेको निर्णयबाट विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यतर्फ विपद् संकटग्रस्त स्थानीय तह र अन्य जोखिमयुक्त ४५ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल रु. ५ करोड ८० लाख रकम प्रदान गरिएको छ।<br>• ललितपुरको नख्खुखोलाले बगाएका दुई जनाको उद्धार गर्ने चणिकलाल तामाङको साहसिक कार्यको कदर गर्दै प्रदेश सरकारको तर्फबाट रु. १ लाख ५० हजार प्रदान गर्ने निर्णय भएको छ।<br>• विपद् व्यवस्थापनका सन्दर्भमा आ.व. २०८०/०८१ मा सम्पादित कार्यहरु समावेश गरी मन्त्रालयबाट तयार पारिएको विपद् प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाईएको छ।<br>• संवत् २०८१/०७/०६ गते प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका ९ वटा र अन्य ३ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल रु.१ करोड २० लाख प्रदान गर्ने निर्णय भएको छ।<br>**<u>शान्ति सुरक्षा तथा कारागार व्यवस्थापनतर्फः</u>**<br>• कारागार कार्यालय (नुवाकोट, चितवन, सिन्धुली, धादिङ, रसुवा, रामेछाप, मकवानपुर र सिन्धुपाल्चोक) लाई ८ थान राईस स्टिमर र २५ थान लुगा सिलाउने मेसिन साथै ५ थान इन्टरलक मेसिन खरिद गरी हस्तान्तरण गरिएको छ।<br>• जिल्ला प्रहरी परिसर काठमाडौं, भक्तपुर र ललितपुरलाई डेक्सटप कम्प्युटर सेट हस्तान्तरण गरिएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | • महिला शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाबमोजिम प्रदेश निर्देशक समितिको गठन भई कार्य प्रारम्भ भएको छ।<br>• वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत सङ्घीय एकाईबाट कार्यान्वयन हुने बहुवर्षीय आयोजनाको अख्तियारी प्रदान गर्नका लागि गृह मन्त्रालय र अर्थ मन्त्रालयसँग सहमति माग गरिएको छ।<br>• प्रदेश सरकारको आर्थिक सहयोग तथा प्रदेश प्रहरी कार्यालयको प्राविधिक सहयोगमा बहुवर्षीय आयोजना रुपमा कार्यान्वयन भएको प्रहरी चौकी, हर्षाही सिन्धुलीको निर्माण सम्पन्न भई उद्घाटन भएको छ।<br>• प्रदेशका जिल्ला सुरक्षा समिति र प्रदेश सुरक्षा समितिबिच भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी प्रदेशको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापनको सम्बन्धमा छलफल गरिएको छ।<br>**सूचना तथा सञ्चारतर्फः-**<br>• काभ्रेपलाञ्चोक जिल्लामा १९ जना सहभागीलाई श्रव्यदृश्य सम्पादनसम्बन्धी कार्यशाला सञ्चालन गरिएको छ।<br>• अनलाइन, मोवाइल, रेडियो पत्रकारिता तथा पोडकास्टसम्बन्धी तालिम लगायतका क्षमता विकास तालिमको सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिएको छ।<br>• सञ्चारकर्मी तथा सञ्चारमाध्यम दर्ता, नवीकरण लगायत अन्य प्रशासनिक सेवा शूल्कबाट रु. ४ लाख ४८ हजार राजस्व सङ्कलन भएको छ।<br>• मौलिक चलचित्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी कार्यविधिमा तोकिएबमोजिमका कार्यक्रम सञ्चालनका लागि संवत् २०८१/०७/०५ मा सरोकारवालाका लागि सूचना प्रकाशन गरिएको छ।<br>• प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रशारण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत भई कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशनको तयारीमा रहेको छ। |
| ११. | **उद्योग, वाणिज्य, भूमि** | • विपदको समयमा तथा दशैं, तिहार लगायतका मुख्य-मुख्य चाडपर्वहरुलाई लक्षित गरी उपभोक्ता हित संरक्षणका लागि नियमित एवम् आकस्मिक बजार अनुगमनलाई तीव्रता दिई कालोबजारी नियन्त्रण र कृत्रिम अभाव हुन नदिन प्रदेशका १३ वटै जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरुलाई सक्रिय बनाई बजार अनुगमन गर्दा ५४५ वटा औद्योगिक/व्यापारिक फर्महरुको अनुगमन गरिएको छ। जसबाट रु. ६ लाख ५५ हजार बराबर जरिवाना गरिएको |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | तथा रु. १ लाख ५६ हजार बराबरका म्याद नाघेका सामग्रीहरु नष्ट गरिएको छ।<br>• "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१" कार्यान्वयनमा ल्याइएको छ।<br>• उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गर्न लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि तथा सिप संरक्षणमार्फत उद्यमीहरुको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न विद्यमान "प्रविधि हस्तान्तरणसम्बन्धी कार्यविधि, २०७९" मा समसामयिक संशोधनको प्रक्रिया प्रारम्भ भएको छ।<br>• लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप तालिम सञ्चालनसम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा राय/सहमतीका लागि पठाइएको छ।<br>• २१५६ औद्योगिक तथा व्यापारिक फर्महरु दर्ता भएको छ।<br>• प्रदेशको उद्योग तथा लगानी प्रवर्द्धन समितिको बैठकले अनुसूची-१ बमोजिमको सहमति लिनुपर्ने २ वटा उद्योगहरुलाई सहमति दिइएको छ।<br>• प्रदेश भित्रका विभिन्न जिल्ला कार्यक्षेत्र भएका र प्रचलित वातावरणीय कानुनले IEE स्वीकृत गर्नुपर्ने भनी तोकेका ४ वटा उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण, १५ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची स्वीकृत भएको छ।<br>• "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१" तर्जुमा गरी नवप्रवर्तन उद्यमी सम्मानको लागि सूचना प्रकाशन गरिएको छ।<br>• संवत् २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षा कारण सिर्जना भएको विपद्बाट उद्योगहरुमा पुगेको क्षतिको विवरण सङ्कलन गरिएको छ।<br>• प्रदेश सरकारको लगानीमा नापी कार्यालय, मकवानपुरको प्राङ्गणमा नयाँ नापी कार्यक्रम झल्कने गरी सर्भे पार्कको काम सम्पन्न हुने चरणमा रहेको छ।<br>• चाक्लाबन्दीको सम्भाव्यता अध्ययन र कार्यविधि निर्माणको प्रक्रिया सुरु हुने चरणमा रहेको छ।<br>• प्रदेश औद्योगिक नीति, वाणिज्य नीति, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी नीति, संशाधन विकास नीति, भूमि व्यवस्थापन नीति, गुठी व्यवस्थापन तथा संरक्षण लगायतका नीतिहरु तर्जुमा गर्न अवधारणापत्र तयार भएको छ।<br>• प्रदेश लगानी बोर्ड स्थापना, भूमि बैंक स्थापना लगायतका कार्यहरु अगाडी बढाउन नीतिगत आधार तयारीका सम्बन्धमा अध्ययन भइरहेको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | • मन्त्रालयमा Digital Board को व्यवस्था गरी सूचना प्रवाहको भरपर्दो व्यवस्था मिलाईएको छ। |
| १२. | **संस्कृति, पर्यटन तथा सहकारी** | • संस्कृति, पर्यटन तथा सहकारीअन्तर्गत रु. १ करोड ५ लाख ७५ हजार ७ सय ७६ राजश्व सङ्कलन भएको छ।<br>• प्रदेशअन्तर्गत दर्ता भई सञ्चालनमा रहेका सहकारीको संख्या ३२०७ रहेको छ।<br>• सहकारीसम्बन्धी प्राप्त उजुरीका आधारमा १५ सहकारीहरू माथि छानविन र आवश्यक कारवाहीका लागि नेपाल प्रहरीमा पठाइएको छ। १ वटा सहकारीलाई समस्याग्रस्त सहकारीको रुपमा घोषणा गरिएको छ। |
| १३. | **श्रम, रोजगार तथा यातायात** | • प्रदेश सरकारको आफ्नै Bagamati EDL (Electric Driving License) प्रणाली विकास गरी सञ्चालनको अन्तिम चरणमा पुगेको छ।<br>• सवारी चालक अनुमतिपत्रसम्बन्धी अनलाईन परीक्षा प्रणालीको पाइलटिङ्गका रुपमा यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरमा सञ्चालनको लागि आवश्यक उपकरण खरिद प्रक्रिया सुरु गरिएको छ।<br>• यातायात व्यवस्था कार्यालयहरूमा रहेको अभिलेखहरुको डिजिटलाइजेसनका लागि पूर्वाधार तयार भई डाटाइन्ट्रिकर्ताहरू छनौट कार्य सम्पन्न भएको छ।<br>• यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, गुर्जुधारा, काठमाडौंको कार्यालय भवन निर्माणको लागि DPR तयार गरी बहुवर्षीय आयोजनामा सूचीकृत गर्ने कार्य प्रारम्भ गरिएको छ।<br>• QR Code सहितको सवारी चालक अनुमतिपत्र नियमनको लागि ट्राफिक प्रहरीलाई ५०० थान मोबाइल हस्तान्तरण गरिएको छ।<br>• यातायात व्यवस्था कार्यालय, हेटौंडा, भरतपुर र भक्तपुरको भवन निर्माणको लागि जग्गा प्राप्तीको प्रक्रियामा सुरु गरिएको छ।<br>• सवारी चालक अनुमतिपत्रको लागि गरिने स्वास्थ्य परीक्षण शूल्कमा एकरुपता कायम गर्न कार्यविधि स्वीकृत भई कार्यान्वयनमा लगिएको छ।<br>• सवारी दर्ता प्रणालीमा बीमा सम्बन्धी सेवा प्रवाह गर्ने सेवा प्रदायकहरुलाई सूचीकृत गरी युजर क्रिडेन्सियल प्रदान गर्ने तयारी थालिएको छ।<br>• आर्थिक वर्ष २०८१/०८२ मा यातायात क्षेत्रबाट कूल रू. ५ अर्ब ५० करोड ४१ लाख ३५ हजार ३ सय १० राजश्व सङ्कलन भएको छ।<br>• ४४३२९ जनालाई नयाँ सवारी चालक अनुमतिपत्र वितरण गरिएको छ। ४६९६३ वटा सवारी चालक अनुमति पत्रको नवीकरण गरिएको छ।<br>• १५३९८ वटा सवारी दर्ता गरिएको छ। |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| १४. | **खानेपानी तथा सिँचाई** | • "एक घर, एक धारा" को अभियान अनुरुप प्रदेशको ग्रामीण बस्तिहरुमा खानेपानी सेवाको पहुँच द्रुत गतिमा विस्तार गर्ने उद्देश्यले नुवाकोट र दोलखा जिल्लामा खानेपानी तथा सरसफाई डिभिजन/सब डिभिजन कार्यालय स्थापना गरिएको छ।<br>• संवत् २०८१ आश्विन ११ र १२ गतेको वर्षाका कारण सिर्जित विपद्बाट क्षति पुगेका खानेपानी, सिँचाई तथा तटबन्धका संरचनाहरुको आकस्मिक मर्मत सम्भार गरी सेवा सूचारु गरिएको छ। साथै, नदी कटान नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्य सुरु गरिएको छ।<br>• गत आ.व. बाट निर्माण कार्य सुरु भएका बहुवर्षीय खानेपानी तथा सिँचाई आयोजनाहरुको निर्माण कार्य द्रुत गतिमा भइरहेको र चालू आ.व. मा सुरु गरिने योजनाहरुको ठेक्का व्यस्थापन कार्य प्रारम्भ गरिएको छ। |
| १५. | **युवा तथा खेलकुद विकास** | • राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक विजेता खेलाडीहरुलाई सम्मानस्वरुप आर्थिक सहायता प्रदान गरिएको छ।<br>• संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ का अवसरमा अन्तर मन्त्रालय/निकायगत भलिवल प्रतियोगिता आयोजना गरिएको छ।<br>• जिल्ला खेलकुद विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई वार्षिक कार्यक्रम कार्यान्वयनसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।<br>• प्रदेशभित्रका १३०० युवाहरुका लागि सिपमूलक तालिम सञ्चालनसम्बन्धी कार्य सुरुवात गरिएको छ। |
| १६. | **अन्तर तह समन्वय तथा सहकार्य** | • जिल्ला समन्वय समिति सहयोग कार्यक्रमअन्तर्गत १३ वटै जिल्ला समन्वय समितिको कार्यालयलाई चालू आ.व. २०८१/०८२ मा विनियोजित रकम रु. ५ करोड २० लाखको अख्तियारी/निकासा प्रदान गरिएको छ।<br>• प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकाय तथा प्रदेश भित्रका स्थानीय तहहरुसँगको समन्वय र सहकार्य गर्ने कार्यलाई सरल र पहुँचयोग्य बनाउन कार्यान्वयन कार्ययोजना तयार भएको छ।<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आयोजना तथा प्रदेश सरकारको समन्वयमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम प्राकृतिक स्रोतको रोयल्टी तीन तहका सरकारबीच बाँडफाँड तथा वितरणको अनुपात, आधार र ढाँचा पुनरावलोकन गर्नेसम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।<br>• प्रदेश नीति तथा योजना आयोगको आयोजनामा प्रदेश विकास समस्या समस्या समधान उपसमिति र समिति (Pre PDAC & MDAC) को बैठक सञ्चालन भई |

| क्र.सं. | क्षेत्र | प्रमुख कार्यहरू |
|---|---|---|
| | | राष्ट्रिय विकास समस्या समाधान समितिले सम्बोधन गर्नुपर्ने मुद्दाहरुको पहिचान तथा सिफारिस गरिएको छ। समितिको निर्णयबमोजिम प्रदेश तथ्याङ्क ऐन, प्रदेश नीति तथा योजना आयोग ऐन, प्रदेश अनुगमन तथा मूल्याङ्कन ऐन निर्माण र योजना तर्जुमा प्रणालीलाई सुदृढ बनाउन आयोजना बैंक सञ्चालनको प्रक्रिया अगाडि बढाइएको छ।<br>• संवत् २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुवानमा परी प्रभावित घर परिवारको राहातका लागि मा. मुख्यमन्त्रीज्यू र मा. मन्त्रीज्यूहरूको १५/१५ दिन बराबरको सेवा सुविधा रकम तथा प्रदेश सरकारअन्तर्गतका मन्त्रालय/निकायमा कार्यरत प्रदेश सचिव र एघारौं तहका कर्मचारीहरुको चार दिनको तलब बराबरको रकम प्रदेश विपत् व्यवस्थापन कोषमा जम्मा गरिएको छ।<br>• अविरल वर्षाले निम्त्याएको क्षतिको विस्तृत विवरण तयार गरि प्रदेश सरकारले आगामी आ.व. मा बजेट कार्यान्वयन गर्दा अवलम्वन गर्नुपर्ने प्राथमिकता निर्धारण सहितको प्रतिवेदन पेश गर्नलाई प्रदेश नीति तथा योजना आयोगलाई जिम्मेवारी दिइएको छ। |

****